# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल


प.सं.:-२०८२।०८३
च.नं. :- १५२३

**प्रदेश सशर्त अनुदानको कृषि विकास कार्यक्रमहरुमा सहभागी हुनको लागि प्रस्ताव आव्हानको सूचना।**

(दोस्रो पटक प्रकाशित मितिः २०८३/०१/१०)

धर्मदेवी नगरपालिकाको चालु आ.व. २०८२/८३ को कोशी प्रदेश सशर्त अनुदान तर्फका स्वीकृत कृषि विकास कार्यक्रमहरु कार्यान्वयनको लागि **"आ.व २०८२/८३ प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्तालयबाट स्थानीय तहहरुमा वित्तिय हस्तान्तरण मार्फत सशर्त अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी मार्गदर्शन, २०८२"** बमोजिम तथा तोकिएको शर्तहरु पालना गर्ने गरि साझेदारीमा कार्यक्रम सञ्चालन गर्न यस नगरमा दर्ता तथा नवीकरण भएका साझेदारहरु(कृषक समूह/कृषि फर्म/कृषि सहकारीहरु)बाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तोकिएको कागजातहरु सहितको **अनुसूची २** बमोजिमको प्रस्ताव/आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगी र म्याद समाप्त भएपछि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने बेहोरा समेत जानकारी गराइन्छ।

तपसिलः

| क्र. स. | कार्यक्रमको नाम | एकाइ | परिमाण | साझेदारी प्रतिशत | सञ्चालन हुने सम्भावित कृयाकलापहरु |
|---|---|---|---|---|---|
| १. | कफी खेति प्रवर्द्धन कार्यक्रम | पटक | १ | ५० | पोली ब्यागको बेर्ना वितरण |
| | | | | | मिनिटिलर, सिकेचर, लुपर, स्प्रेयर, ब्रस कटर लगायतका औजार उपकरण, |
| | | | | | सिँचाई पुर्वाधार |
| | | | | | छहारीको लागि विरुवा वितरण |
| २. | कृषक समूहका सदस्यलाई सुन्तलाको विरुवा वितरण, वडा नं. ४ र ५ | पटक | १ | ५० | साझेदारीमा सुन्तलाजात फलफूलको विरुवा वितरण |
| ३. | सुन्तलाजात फलफुल प्रवर्द्धन कार्यक्रम | पटक | १ | ५० | कलमी सुन्तला विरुवा |
| | | | | | मिनिटिलर, सिकेचर, लुपर, स्प्रेयर, ब्रस कटर लगायतका औजार उपकरण वितरण |
| | | | | | सिँचाई पूर्वाधार |
| | | | | | मल, पोषकतत्व, तथा रोग किरा नियन्त्रणका लागि विषादी वितरण |

प्रकाशित ... सूचना अधिकृत